# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ का तत्कालीन वडा अध्यक्ष **ओमप्रकाश गुप्त भन्ने ओमप्रकाश तेली** समेत २२ जना मु.नं (०८१-CR-००१६ र ०८१-CR-००८६) फैसला मिति २०८२।१०।१४ | गलत लिखत तयार गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **जिल्ला नवलपरासी (ब.सु.प.) पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ का तत्कालिन वडा अध्यक्ष प्रतिवादी ओम प्रकाश तेली र तत्कालिन वडा सदस्य प्रतिवादी नरेश प्रसाद बढईले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिन आएकोले निजहरुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद र सजाय गरी जरिवाना हुन मागदाबी लिइएको छ।<br>• **प्रतिवादीहरु रबी कुमार खत्री, मजिद जोलाहा, पुर्नमासी अहिर, प्रेम सागर चौधरी, बृज भुषण नाथ योगी, नारद कुर्मी, कपिल देव कुर्मी, राधेश्याम बनिया, पशुपति बनिया, सोमै कहार, भगौती चमार, सेतवाध यादव, रमेश सहानी, संघर्ष कुमार खत्री, हरि शंकर बनियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा मतियारको भूमिका निर्वाह गरेको देखिएको हुँदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबंधात्मक वाक्याशंमा उल्लेख भए बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको छ।<br>• **प्रतिवादीहरु राम किशुन कुर्मी, अनन्त बढै, चन्द्रीका चमार, लोरिक अहिर र श्रीभदै केवटलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायको मागदाबीमा पूर्ण छुट दिई सरकारी साक्षीको रुपमा प्रस्तुत गरिएकोमा निजहरुले बकपत्र गर्दा आयोगको अनुसन्धान अधिकृत समक्ष गरेको बयान प्रतिकूल हुने गरी बकपत्र गरेको तथ्य पुष्टी हुन आएको हुँदा निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा मतियारको भूमिका निर्वाह गरेको देखिएकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबंधात्मक वाक्याशंमा उल्लेख भए बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर भएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• नवलपरासी जिल्ला अदालतमा चलेको ०७३-CP-१११७ को हदबन्दी फुकुवा निर्णय र राजिनामा लिखतहरू समेत बदर गरी प्रेमशरण खत्रीका नाममा हदबन्दी भन्दा बढी कायम भई रोक्का रहेका जग्गाहरू नेपाल सरकारको नाममा कायम गराई पाऊँ भनी यसै मुद्दाका उजुरकर्ता समेतले दायर गरेको मुद्दामा भएको अन्तिम फैसलाबाट नै प्रेमशरण खत्रीको हकवाला अनूप मेहरा भन्ने अनूपकुमार खत्री भएको तथ्य स्थापित भएको देखिएको।<br>• सोही जग्गाहरू फुकुवा गरी बिक्री वितरण समेत गरेको विषयलाई लिई गैरनेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री वितरण गरी भ्रष्टाचार गरेको भनी यिनै उजुरकर्ता इन्द्रमणि पाण्डेको उजुरीका आधारमा अनुसन्धान भई नवराज कार्की समेतको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी टिकाराम ज्ञवाली समेत भएको ०७६-CR-०४३८ को भ्रष्टाचार मुद्दामा यस अदालतबाट मिति २०८०।९।५ मा आरोपदावी पुग्न नसकी सबै प्रतिवादीहरूले सफाई पाउने ठहर भएको।<br>• अदालतमा विवाद परी प्रमाणको मूल्याङ्कन भई अन्तिम रूपमा निरूपण भइसकेको विषयमा कसैको उजुरी परेको मात्र कारणबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अन्तर्गतको | • गैर-नेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री बितरण गरी भ्रष्टाचार गरेको मुद्दाको सम्बन्धमा गैर-नेपाली नागरिकलाई मुचुल्कामा रोहवरमा बसी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिने प्रयोजनका लागि प्रमाणीत गरेको, गलत वंशावली प्रमाणीत तथा सो बनाउन मुचुल्कामा रोहवरमा बसी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिन प्रमाणीत गरेको वसोबास प्रमाणित गरी सिफारिस दिने कार्यमा संलग्न रही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसूर गरेको र उक्त दफा ९ को कसूरको मतियार भई भ्रष्टाचारजन्य कार्य गरेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा, गैर-नेपाली नागरिक अनुप मेहरालाई नेपाली नागरिक प्रेमशरण खत्रीको छोरा अनुपकुमार खत्री हो भनि मिति २०७४/०७/२८ को मुचुल्कामा रोहवरमा बसी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिने प्रयोजनका लागि प्रमाणीत गरेको, मिति २०७७/०५/२६ को गलत वंशावली प्रमाणीत तथा सो बनाउन गराइएको मिति २०७५/०५/२४ को मुचुल्कामा रोहवरमा बसी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिन प्रमाणित गरेको र मिति २०७७/०४/२१ को वसोबास प्रमाणित गरी सिफारिस दिने कार्यमा संलग्न रहेको मिसिल संलग्न कागजातहरुबाट देखिदा देखिदै उक्त तथ्य तथा लिखित प्रमाणहरुको मूल्यांकन नगरी भएको प्रस्तुत फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दाका उजुरी निवेदक इन्द्रमणी पाण्डेयले श्रब्यदृश्य संवाद (Video Conference) मार्फत विशेष अदालत समक्ष मिति २०८१।१२।२० गते गरेको वकपत्रमा आफ्नो उजुरी निवेदनलाई सनाखत गरी प्रतिवादीले सम्वन्धित वडामा सिफारिस बनाउँदा आफ्नो मेहरा थर नलेखी खत्री थर लेखेर आफ्नो थरको पहिचान लुकाएको निजका पत्नी रेणु खत्री, छोरी अंशिका खत्री र छोरा अंकुर खत्री सम्वन्धित वडामा उपस्थित नभई नक्कली सहिछाप गराई नाता प्रमाणित बनाएको तथा प्रेमशरणको मृत्यू दिल्लीमा भएको भनी निजले अख्तियारमा वयान गर्दा खुलाएको तथा रेणु खत्रीले निजको सासु कमला खत्रीको मृत्यू दिल्लीमा भएको हो भनी वयानमा खुलाएकोमा निजहरुको मृत्यूदर्ता प्रमाणपत्र नेपालमा बनाएका छन् भनी किर्ते गरेको तथ्य स्पष्ट पारी गरेको निज उजुरकर्ताको वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा ८, दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्नेमा सो नगरी प्रतिवादीहरु ईन्कारी बयान के आधारमा लिखित प्रमाण स्थलगत सर्जमिन मुचुल्का समेतका प्रमाणहरुको वेवास्ता गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला बदरभागी छ।<br>• प्रस्तुत फैसला गर्दा, मुद्दा नं. ०७६-CR-०४३८ भ्रष्टाचार मुद्दालाई प्रभाव पार्ने गरी मिति २०७४।७।२८ को सर्जमीन मुचुल्का, मिति २०७७।५।२६ को वंशावली प्रमाणित, मिति २०७५।५।२४ को सोही विषयको मुचुल्का, मिति २०७७।४।२१ को बसोबास प्रमाणित समेतका आरोपदावीमा उल्लिखित कागजातहरू प्रतिवादीहरूले गलत रूपमा तयार पार्ने र प्रमाणित गर्ने कार्य गरे गराएका रहेछन् भनी मान्न मिलेन। उक्त मुद्दा नं. ०७६-CR-०४३८ को फैसलामा समेत प्रेमशरण खत्रीको हकवाला अनूप मेहरा भन्ने अनूपकुमार खत्री भएको भनी पेश भएका नाता प्रमाणित प्रमाणपत्र समेतका विषयमा समेत निरूपण भइसकेको भनी आधार ग्रहण गरी प्रस्तुत मुद्दाका सवै प्रतिवादीहरुलाई सफाई दिने ठहर गरेको देखिन्छ तर उक्त ०७६-CR-०४३८ मुद्दा हाल सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको रोहमा विचाराधिन रहेको हुँदा फैसला अन्तिम भई नसकेको अवस्थामा विशेष अदालतबाट भएको फैसलालाई आधार लिई भएको प्रस्तुत फैसला बदरभागी छ।<br>• अतः विवेचित आधार, प्रमाणहरुबाट गैर-नेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री बितरण गरी भ्रष्टाचार गरेको मुद्दाको सम्बन्धमा गैर-नेपाली नागरिक अनुप मेहरालाई नेपाली नागरिक प्रेमशरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सजायको दावी लिई आरोपित गर्नु उचित हुने समेत देखिँदैन। उक्त दफा ९ बमोजिमको भ्रष्टाचारजन्य कसुर हुनको लागि प्रतिवादीहरूले बद्नियतसाथ कानून प्रतिकूलको कुनै लिखत कागज बनाई वा खडा गरी आफू वा अन्य कसैलाई फाइदा हुने र नेपाल सरकार वा सार्वजनिक निकाय वा अन्य कुनै व्यक्तिलाई हानीनोक्सानी पुऱ्याउने कसुरजन्य कार्य गरेको कुरा प्रमाणबाट निःसन्देह रूपमा स्थापित र पुष्टि हुनुपर्ने।<br>• यस अदालतमा चलेको सो ०७६-CR-०४३८ को भ्रष्टाचार मुद्दालाई प्रभाव पार्ने गरी मिति २०७४।७।२८ को सर्जमीन मुचुल्का, मिति २०७७।५।२६ को वंशावली प्रमाणित, मिति २०७५।५।२४ को सोही विषयको मुचुल्का, मिति २०७७।४।२१ को बसोबास प्रमाणित समेतका आरोपदावीमा उल्लिखित कागजातहरू प्रतिवादीहरूले गलत रूपमा तयार पार्ने र प्रमाणित गर्ने कार्य गरे गराएका रहेछन् भनी मान्न मिलेन। उक्त मुद्दा नं. ०७६-CR-०४३८ को फैसलामा समेत प्रेमशरण खत्रीको हकवाला अनूप मेहरा भन्ने अनूपकुमार खत्री भएको भनी पेश भएका नाता प्रमाणित प्रमाणपत्र समेतका विषयमा समेत निरूपण भइसकेको।<br>• मूल मुद्दामा वादी नेपाल सरकारले लिएको आरोपदावी पुग्न नसक्ने ठहर भएको हुँदा झुट्टा बकपत्र गरेको भनी मतियारको कसूर ठहर गर्न नमिल्ने। | खत्रीको छोरा अनुपकुमार खत्री हो भनि मिति २०७४/०७/२८ को मुचुल्कामा रोहवरमा बसी सर्जमिन मुचुल्का तयार गरी उक्त सर्जमिन मुचुल्कामा रोहवरमा बसि सहीछाप गर्ने, सिफारिस दिने प्रयोजनका लागि प्रमाणीत गर्ने, मिति २०७७/०५/२६ को गलत वंशावली प्रमाणीत तथा सो बनाउन गराइएको मिति २०७५/०५/२४ को मुचुल्कामा रोहवरमा बसी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिन प्रमाणीत गर्ने र मिति २०७७/०४/२१ को वसोबास प्रमाणित गरी सिफारिस दिने कार्यमा संलग्न रहेको जिल्ला नवलपरासी (ब.सु.प.) पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ का तत्कालिन वडा अध्यक्ष प्रतिवादी ओम प्रकाश तेली, तत्कालिन वडा नं ५ सदस्य प्रतिवादी नरेश प्रसाद बढई, गलत र बदनितपुर्वक तयार गरिएको बसोबास तथा वंशावली प्रमाणित गर्ने प्रतिवादी रबी कुमार खत्री, मिति २०७७/०५/२६ गतेको वंशावली प्रमाणित गर्दा तयार गरीएको मिति २०७७/०५/२४ गतेको गलत सर्जमिन मुचुल्कामा सहीछाप गर्ने प्रतिवादीहरु मजिद जोलाहा, पुर्नमासी अहिर, प्रेम सागर चौधरी, बृज भुषण नाथ योगी, नारद कुर्मी, कपिल देव कुर्मी, राधेश्याम बनिया, पशुपति बनिया, मिति २०७४/०७/२८ गतेको गलत स्थलगत सर्जमिन मुचुल्कामा सहीछाप गर्ने प्रतिवादीहरु सेतवाध यादव, रमेश सहानी, संघर्ष कुमार खत्री, भगौती चमार र हरि शंकर बनिया, मिति २०७७/०४/२१ को बसोबास प्रमाणीत सम्बन्धमा मिति २०७७/०४/२० गते खडा भएको मुचुल्कामा सहीछाप गर्ने प्रतिवादीहरु सोमै कहार, भगौती चमार, पुर्नमासी अहिर, प्रेम सागर चौधरी, मजिद जोलाहा, मिति २०७४/०७/२८ गतेको गलत स्थलगत सर्जमिन मुचुल्कामा सहीछाप गर्ने प्रतिवादीहरु सेतवाध यादव, रमेश सहानी, संघर्ष कुमार खत्री, भगौती चमार र हरि शंकर बनिया र सर्जमिन मुचुल्काहरुमा सहीछाप गरी मतियारको भुमिका निर्वाह गर्ने जिल्ला नवलपरासी (व.सु.प.) पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ बस्ने राम किशुन कुर्मी, अनन्त बढै, दिनानाथ योगी, चन्द्रीका चमार, बैजनाथ कहार, लोरिक अहिर र श्रीभदै केवटलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि भएको फैसला बालमुकुन्द श्रेष्ठ वि. नेपाल सरकार, भ्रष्टाचार, ०७५-CR-००५१ को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट "*खास गरेर भ्रष्टाचारको कसुरमा बढी चेतनशील र जागरुक वर्ग नै संलग्न हुने भएको तथा कतिपय अवस्थामा भ्रष्टाचारमा संलग्न दुवै पक्ष लाभग्राही हुने भएकोले यस्ता कसुरको उजुरी परेपनि प्रत्यक्ष प्रमाणको अभाव रहने कारणले गर्दा कानुनी कारबाहीको दायरामा ल्याइएकाहरु पनि अपराधिक दायित्वबाट मुक्त हुने प्रबल सम्भावना रहने गरेको देखिन्छ। भ्रष्टाचारको कसुरमा सामान्यतया प्रत्यक्ष प्रमाणको अभाव रहने तथा समाजको क्यान्सररुपी यो रोगको निवारण गरी राज्यमा सुशासनको प्रत्याभूति पनि दिनुपर्ने आजको आवश्यकताको सन्दर्भमा अदालतहरुले भ्रष्टाचारको कसुर प्रमाणित हुने मापदण्डको रुपमा पछिल्लो समयमा आएर परिस्थितिजन्य प्रमाणहरुलाई ग्रहण गर्ने मान्यताको विकास भएको देखिन्छ*" भनि प्रतिपादित नजिर सिद्धान्त र मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको नि.नं.१०१४२, भाग ६०, अंक ११ मुद्दामा "*भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने*" भनी प्रतिपादित नजिर सिद्धान्तको प्रतिकूल भएको देखिदा उक्त प्रमाण कागज एवं प्रतिपादित नजिर सिद्धन्त समेतको आधारमा यि प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाइ हुने गरि विशेष अदालत काठमाडौंबाट भएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु ओमप्रकाश गुप्ता भन्ने ओमप्रकाश तेली, रविनकुमार खत्री, नरेश प्रसाद बढई, राधेश्याम बनिया, नारद कुर्मी, मजिद जोलाहा, भगौती चमार, सोमै कहार, कपिलदेव कुर्मी, प्रेमसागर चौधरी, बृजभूषण नाथ योगी, पशुपति बनिया, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुर्नमासी अहिर, हरिशंकर बनिया, सेतबाध यादव, संघर्षकुमार खत्री, रमेश सहानी, चन्द्रिका चमार, अनन्त बढै, श्रीभदै केवट, लोरिक अहिर र राम किशुन कुर्मीलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले बिशेष अदालतको त्रुटीपुर्ण फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावीबमोजिम सजाय गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |